
का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ भदौ २०८२
सोमबार
25 August 2025
Monday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २०४ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



# १५ लाख परिवारले पाउँदै लालपुर्जा


भूमिहीन सुकुम्वासीले जमिन पाउन प्रस्तावित भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक ऐनमा रूपान्तरित हुनुपर्छ ।



नेपालमा लामो समयदेखि बसोबास गरिरहेका परिवारले समेत लालपुर्जा पाउन सकिरहेका छैनन् । झालुवाङलगायतका क्षेत्र जो साँच्चै समस्यामा छन् तिनले न्याय पाउनेछन् ।

■ सूर्यप्रसाद ढकाल
नेता, नेकपा एमाले





भूमि विधेयक ऐनमा रूपान्तरित भएपछि जमिन पाउने परिवारको संख्या

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ भदौ

सरकारले १७ लाख परिवारलाई जमिन उपलब्ध गराउने तयारी गरेको छ । यसका निम्ति भूमि ऐन ऐन २०२१ मा संशोधन गर्नेगरी बनेको भूमिसम्बन्धी केही नेपाल एन संशोधन विधेयक संसदीय प्रक्रियामा अगाडि बढेको छ ।

यो विधेयक यही भदौ ५ गते प्रतिनिधि सभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट पास भएको थियो । संसदीय विषयगत समितिबाट पास भएको विधेयकको प्रतिवेदन भदौ ६ गते प्रतिनिधि सभामा पेस भइसकेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार यो प्रस्तावित विधेयक ऐनमा रूपान्तरित भएपछि १७ लाख परिवारले जमिन पाउनेछन् ।

नेपालमा भूमिहीन दलित परिवारको संख्या ७९ हजार १ सय ४४ परिवार रहेको भूमि समस्या समाधान आयोगको तथ्यांक छ ।

आयोगका अध्यक्ष हरिप्रसाद रिजालका अनुसार भूमिहीन सुकुम्वासी परिवार संख्या १ लाख ६८ हजार ८ सय ८८ छ । यसबाहेक »» पृष्ठ २ मा

## विरोधमा जसपा नेपाल

सरकारले १५ लाख परिवारलाई जमिन उपलब्ध गराउनेगरी ऐन बनाउन लागिरहँदा कतिपयले दुरुपयोगको आशंकासमेत गरेका छन् । एक हो- जनता समाजवादी पार्टी (जसपा) नेपाल । जसपा नेपालले अव्यवस्थित बसोबासीको नाममा सरकारले जग्गा बाँड्न खोजेको भनेर देशव्यापी विरोध प्रदर्शन गर्दै छ । जसपा नेपालका महासचिव लालबाबु राउतका »» पृष्ठ २ मा

# अनुसन्धानमा उपसभामुख राना

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ८ भदौ

प्रतिनिधि सभाकी उपसभामुख इन्दिरा राना मगरमाथि प्रहरीले अनुसन्धान सुरु गरेको छ। बालबालिकाको अवैध ओसारपसारसम्बन्धी घटनामा जोडिएको आशंकामा रानामाथि नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोले अनुसन्धान प्रक्रिया अगाडि बढाएको हो ।

प्रिजनर्स असिस्टेन्ट (पिए) नेपाल नामक गैरसरकारी संस्थाबाट अवैध रूपमा बालबालिका ओसारपसार भएको सरकारी प्रतिवेदनले नै औंल्याएको थियो । सो संस्थामा राना कार्यकारी प्रमुखको जिम्मेवारीमा थिइन् । सार्वजनिक सरोकारको विषयमा उपसभामुखको नाम जोडिएकाले अनुसन्धान गर्नुपरेको प्रहरीले जनाएको छ ।



यही भदौ ५ गते बसेको प्रतिनिधिसभाको बैठकमा एमाले सांसद तथा पार्टीका केन्द्रीय सचिव योगेश भट्टराईले बालबालिकाको अवैध ओसारपसारमा उपसभामुख राना सम्बद्ध संस्था पिए नेपालको संलग्नता रहेको दाबी गरेका थिए । २०७२ साल कात्तिक १७ गते सिफलस्थित बाल संगठनको बालगृहबाट पाँच बालबालिका हराएको विषयलाई अहिलेसम्म गुपचुप राखेर रानामाथि कुनै कानुनी कारबाही गरिएको थिएन ।

सार्वजनिक सरोकारको विषयमा उनको नाम जोडिएपछि ब्युरोले आवश्यक अनुसन्धान प्रक्रिया अघि बढाएको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रवक्ता प्रहरी उपरीक्षक युवराज खड्काले बताए । 'उपसभामुखज्यू जोडिएको बालबालिकाको अवैध ओसारपसारको विषयमा अनुसन्धान सुरु गरिएको छ,' खड्काले भने, 'अनुसन्धान गर्ने आधिकारिक निकाय प्रहरी »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# रेमिट्यान्समा उल्लेख्य वृद्धि

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ भदौ

नेपाली कामदारको सिप, दक्षता तथा श्रम गन्तव्य मुलुकमा भएको तलब वृद्धिका कारण नेपाल आउने रेमिट्यान्समा उल्लेख्य वृद्धि भएको देखिएको छ । नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८१/८२ मा विप्रेषण आप्रवाह १७ खर्ब २३ अर्ब २७ करोड पुगेको छ। जुन अघिल्लो वर्षको तुलनामा १६ दशमलव ५ प्रतिशतले बढी हो ।

२०८२ साल असार महिनामा १ खर्ब ८९ अर्ब ११ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । अघिल्लो वर्ष असार महिनामा १ खर्ब १७ अर्ब ७८ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । गत वर्ष रेमिट्यान्स आप्रवाह १६ दशमलव ५ प्रतिशतले वृद्धि भएपनि वैदेशिक रोजगारीमा श्रम स्वीकृति लिएर जानेको संख्यामा १३ दशमलव २१ प्रतिशतले मात्रै वृद्धि भएको थियो ।

गत आर्थिक वर्षमा ८ लाख ३९ हजार २ सय ६६ जना नेपालीको श्रम स्वीकृति भएको थियो । त्यसमा पहिलोपटक वैदेशिक रोजगारमा जानेको संख्या ५ लाख ५ हजार ९ सय ५७ र पुन: श्रम स्वीकृति लिनेको संख्या ३ लाख ३३ हजार ३ सय ९ रहेको छ । अघिल्लो वर्ष ७ लाख ४१ हजार २ सय ९७ जना वैदेशिक रोजगारीमा गएका थिए । त्यसमा नयाँ ४ लाख ६० हजार १ सय २ र पुन: श्रम स्वीकृति लिने २ लाख ८१ हजार १ सय ९५ रहेको थियो। गत वर्ष फेब्रुअरीदेखि मलेसियामा नेपाली कामदारको तलब मासिक २ सय रिंगेट करिब ६ हजार रुपैयाँ बढेको थियो भने पछिल्लोपटक सरकारले यूएईको न्यूनतम तलब ८ सय दिरामबाट बढाएर १ हजार दिराम पुऱ्याएको छ ।

रेमिट्यान्स रकममा भएको वृद्धिले निकासी व्यापार र गुणस्तरीय पर्यटन आगमनमा संकुचित हुँदा पनि विदेशी विनिमय सञ्चिति उल्लेख्य बढेको छ । नेपाल राष्ट्र बैंकका अनुसार २०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड रुपैयाँ बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ३१ दशमलव २ प्रतिशतले वृद्धि भई २०८२ असार मसान्तमा २६ खर्ब ७७ अर्ब ६८ करोड रुपैयाँ पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८२ असार मसान्तमा २७ दशमलव ७ प्रतिशतले वृद्धि भई १९ अर्ब ५० करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०८१ असार मसान्तमा १८ खर्ब ४८ अर्ब ५५ करोड रहेकोमा २०८२ असार मसान्तमा ३० दशमलव ६ प्रतिशतले वृद्धि भई २४ खर्ब १४ अर्ब ६४ करोड रुपैयाँ पुगेको छ ।

नेपाल राष्ट्र बैंकबाहेक अन्य वाणिज्य बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तमा १ खर्ब ९२ अर्ब ५५ करोड रुपैयाँ रहेकोमा २०८२ असार मसान्तमा ३६ दशमलव ६ प्रतिशतले वृद्धि भई २ सय ६३ अर्ब ४ करोड रुपैयाँ पुगेको छ ।

रेमिट्यान्सबाट प्राप्त रकमले राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याएको भएपनि मागपत्र प्रमाणीकरणको समस्या समाधान र नयाँ श्रम गन्तव्य खोजी हुन नसकेको वैदेशिक रोजगार व्यवसायीहरूको भनाइ छ ।

# साना दलका मन्त्री फेर्दै सरकार
# ठूलालाई छैन हतार !



सरकारमा सहभागी साना दलहरू अधिकांश सांसदलाई भाग पुऱ्याउन मन्त्री फिर्ता गर्ने तयारी गरिरहँदा सत्ताका प्रमुख दुई ठूला दल भने कमजोर कार्यसम्पादन भएका मन्त्रीहरूलाई समेत फिर्ता बोलाउने तरखरमा छैनन् ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ८ भदौ

प्रतिनिधि सभाका दुई ठुला दल नेपाली कांग्रेस र नेकपा (एमाले) बीचको सत्ता समीकरणमा सहभागी साना दलका मन्त्रीहरू फेर्ने तयारी भएको छ । यसअघि नै सरकारको नेतृत्वकर्ता एमाले र कांग्रेसका केही मन्त्रीहरू फिर्ता बोलाउने तहमा छलफल चलेको थियो ।

तर मन्त्री परिवर्तनका सन्दर्भका प्रधानमन्त्री केपी शर्मा ओलीको प्रस्ताव सत्ताको मुख्य साझेदार दल नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले अस्वीकार गरेपछि सरकार मन्त्री फेर्ने विषमा पछि हटेको थियो ।

पछिल्लोपटक प्रधानमन्त्रीले सबै मन्त्रीसँग कार्यसम्पादन सम्झौता गरेका थिए । यद्यपि सरकारमा सहभागी जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले आफ्ना मन्त्री फिर्ता बोलाउने निर्णय गरेको छ । यससँगै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्का तीन मन्त्री परिवर्तन हुने निश्चित भएको छ । अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले पार्टीका तर्फबाट मन्त्री भएकाहरूलाई परिवर्तन गर्ने औपचारिक पत्र प्रधानमन्त्री ओलीलाई पठाइसकेका छन् । मन्त्री फेर्ने विषयमा एक वर्षअघि नै निर्णय भएको र त्यसलाई कार्यान्वयन मात्रै »» पृष्ठ २ मा

## भूलसुधार

यस दैनिकको वर्ष २३ अंक २०३ मिति २०८२ भदौ ८ गते आइतबारको प्रथम पृष्ठमा प्रकाशित 'संसद् छल्दै प्रधानमन्त्री' शीर्षक हुनुपर्नेमा भाषागत त्रुटि भएकाले भुलसुधार गरिएको छ । यसबाट पाठकवर्गमा पर्न गएको असुविधाप्रति क्षमाप्रार्थी छौं । -सं.



एक वर्षपछि उनीहरूलाई फिर्ता बोलाएर अर्को दुई जना पठाउने निर्णय भएको थियो । अहिले पार्टीले पहिलाकै निर्णयलाई कार्यान्वयन मात्रै गरेको हो ।

● सुशीला श्रेष्ठ
नेता, जनता समाजवादी पार्टी

# पूर्वमुख्यसचिव अर्यालविरुद्धको भ्रष्टाचार मुद्दामा अख्तियार सर्वोच्चमा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोग पूर्वमुख्यसचिव वैकुण्ठ अर्यालविरुद्ध सर्वोच्च अदालत पुगेको छ। अख्तियारले पूर्वमुख्यसचिव अर्याललाई सफाइ दिने विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको हो।

सुरक्षण मुद्रण केन्द्रले अन्तःशुल्क स्टिकर छपाईसम्बन्धी कार्यमा अर्यालसहित १२ जनालाई प्रतिवादी बनाएर विशेष अदालतमा मुद्दा दायर गरेको थियो। तर उक्त मुद्दामा विशेष अदालतले २०८१ मंसिरमा अर्याललाई सफाइ दिएको थियो।

विशेषले सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल र निर्देशक सफल श्रेष्ठलाई दोषी ठहर गर्दै अन्य बाँकीलाई सफाइ दिएको



थियो। सोही फैसलाविरुद्ध अख्तियारले सर्वोच्चमा पुनरावेदन गरेको हो। अर्याल सञ्चारसचिव हुँदा आर्थिक अनियमितता गरेको अख्तयारको दाबी छ।

पौडेललाई एक लाख रुपैयाँ धरौटीमा छाड्न आदेश

विशेष अदालतले राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेललाई १ लाख रुपैयाँ धरौटीमा रिहा गर्ने आदेश दिएको छ।

विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर, सदस्य न्यायाधीश मुरारीबाबु श्रेष्ठ र विदुर कोइरालाको इजलासले आइतबार पौडेलको बयान तथा थुनछेक बहसपछि धरौटीमा रिहा गर्न आदेश दिएको हो। पौडेलमाथि केन्द्रका लागि 'हाई कम्प्युट इन्फ्रास्ट्रक्चर' खरिदमा मिलेमतो गरी गुणस्तरहीन सामग्री आपूर्ति गरेर करिब १६ करोड रुपैयाँ बराबरको भ्रष्टाचार गरेको अभियोग छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत असार २७ गते पौडेलसहित ६ जना र आपूर्तिकर्ता कम्पनी वर्ल्ड डिस्ट्रिब्युसन नेपाल प्रालि विरुद्ध मुद्दा दायर गरेको थियो।

अख्तियारका अनुसार, खरिद प्रक्रिया दौरान स्पेसिफिकेशन विपरीत कम क्षमताको प्रोसेसर जडान गरी राज्यलाई हानि पुऱ्याइएको पाइएको थियो। कम क्षमताका उपकरणका कारण कार्यसम्पादन क्षमता करिब १४ प्रतिशतले घटेको अख्तियारको दाबी छ।

यद्यपि, यसअघि दायर गरिएका अन्य मुद्दामा पौडेलमाथि थुनामै राख्ने आदेश भएकाले विशेष अदालतको यो आदेशपछि मात्रै उनी स्वतन्त्र हुने अवस्था भने छैन।

# कुलमानलाई पोर्चुगलमा नागरिक अभिनन्दन



**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ८ भदौ

युरोप भ्रमणमा रहेका नेपाल विद्युत् प्राधिकरणका पूर्व कार्यकारी निर्देशक कुलमान घिसिङलाई पोर्चुगलमा भव्य स्वागतसहित नागरिक अभिनन्दन गरिएको छ।

नेपाल आदिवासी जनजाति महासंघ पोर्चुगलको आयोजनामा राजधानी लिस्बनमा पूर्वकार्यकारी निर्देशक घिसिङलाई उज्यालो नेपालका नायकका रुपमा भव्य स्वागतसहित अभिनन्दन गरिएको हो।

सो अवसरमा सम्बोधन गर्दै घिसिङले राजनीतिक नेतृत्व सही नभएसम्म देशको विकास हुन नसक्ने धारणा व्यक्त गरे। उनले सबै समस्या नेतृत्व तहसँग जोडिने भएकाले देशको समग्र विकासका लागि राजनीतिक नेतृत्व सही हुनुपर्ने जिकिर गरे।

'सही व्यक्ति सही ठाउँमा भए सबै कुरा सही नै हुन्छ। नेपालमा 'राइट म्यान इन राइट प्लेस इन राइट टाइम' नहुँदा समस्या देखिएको हो'घिसिङले भने। राम्रो गरौं भनेर आएकाहरुलाई प्रोत्साहन गर्नुपर्नेमा निरुत्साहित गर्ने प्रवृत्ति रहेको उल्लेख गर्दै उनले नेपालमा योग्य र राम्रा मान्छेलाई काम गर्न नदिने प्रवृत्ति बढेको बताए।

'नेपालमा केही भएको छैन भन्ने होइन, परिवर्तन भएको छ। सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रमा केही परिवर्तन भएको छ तर, जुन परिवर्तन हुनुपर्ने हो त्यो परिवर्तन पटक्कै भएको छैन,'घिसिङले भने।

रोजगारी सिर्जना गर्न नसक्दा युवाहरूको विदेश पलायन बढिरहेको प्रति चिन्ता व्यक्त गर्दै उनले देशमा ठूलो जनशक्तिको संकट देखापर्न सक्ने भन्दै यसलाई रोक्न गम्भीर हुनुपर्ने बताए।

विद्युत् प्राधिकरणमा आफ्नो ३० वर्षे व्यवसायीक जीवनमा सधैं समर्पित भएर काम गरेको स्मरण गर्दै उनले घाटामा रहेको प्राधिकरणलाई नाफामा ल्याएको र लोडसेडिङ अन्त्य गर्न सफल भएको बताए।

'३५ अर्ब घाटामा रहेको प्राधिकरणलाई हामीले नाफामा ल्यायौं। त्यो नाफा विद्युत् महसुल बढाएर होइन, घटाएर ल्यायौं। आठ वर्षमा करिब ९० अर्ब नाफा गर्न सफल भयौं। त्यही अवधिमा लोडसेडिङ अन्त्य पनि गर्‍यौं। गाउँ-गाउँमा विद्युत् पुऱ्यायौं, भारत र बंगलादेशमा विद्युत् निर्यात गर्न समेत सफल भयौं',घिसिङले भने। लोडसेडिङ अन्त्य आफ्नो नेतृत्वको टोली र सबै नेपालीको सद्भाव र सहयोगले सम्भव भएको उनले बताए।

नेपालमा ५० हजारदेखि एक लाख मेगावाटसम्म जलविद्युत् उत्पादन गर्न सकिने क्षमता रहेको बताउँदै घिसिङले विद्युत् निर्यातबाट बिकास र समृद्धिसँगै शिक्षा, स्वास्थ्य जस्ता आधारभूत कुराहरु निःशुल्क गर्न सकिने धारणा व्यक्त गरे। सरकारले कार्यकाल सकिन चार महिना बाँकी रहँदै प्राधिकरणबाट हटाए पनि आफूले सरकारलाई धन्यवाद नै दिएको उनले बताए। सबै क्षेत्रमा देखापरेको अँध्यारो हटाएर उज्यालो ल्याउने संकल्पसहित 'उज्यालो नेपाल अभियान'सुरु गरिएको बताउँदै घिसिङले देशको विकास र समृद्धिका लागि उज्यालो नेपाल अभियानलाई सहयोग गर्न सबैलाई आग्रह समेत गरे।

नेपालको अर्थतन्त्रमा रेमिट्यान्सले ठूलो टेवा पूऱ्याएको उल्लेख गर्दै उनले विदेशमा रहेका नेपालीको देशको अर्थतन्त्रमा ठूलो योगदान रहेको बताए। अर्थतन्त्रमा टेवा पूऱ्याएका प्रवासी नेपालीको योगदानलाई भने राज्यले सम्मान गर्न नसकेको उनको कथन थियो। विदेशमा बस्ने नेपालीले संविधानले दिएको मताधिकार समेत प्रयोग गर्न नपाएको भन्दै उनले विदेशबाटै भोट हाल्ने व्यवस्था मिलाउनुपर्नेमा जोड दिए।

उनले गैरआवासीय नेपालीका नागरिकताको समस्यालाई सम्बोधन गर्नुपर्ने र नेपालमा लगानीको वातावरण बनाउनुपर्ने विचार व्यक्त गरे।

महासंघका अध्यक्ष चोपकुमार रानामगरको अध्यक्षतामा भएको कार्यक्रममा महासंघका सल्लाहकार सोमफुरी शेर्पा, अन्तर ष्ट्रिय नेपाली समाजका अध्यक्ष अर्जुन घिमिरे, महासंघका वरिष्ठ उपाध्यक्ष सोनाम योञ्जन, प्रेमचन्द्र लिम्बु लगायतले बोलेका थिए।

# विपिनको रिहाइका लागि थप पहल गरिदिन आग्रह



**काठमाडौं/रासस–** प्यालेस्टाइनको हमास समूहको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाइमा जारी राखेको पहलका लागि विपिनकी आमा र बहिनीले परराष्ट्रमन्त्री डा.आरजु राणा देउवालाई धन्यवाद दिँदै आगामी दिनमा थप पहल गर्न आग्रह गरेका छन्।

विपिनकी आमा र बहिनीले आइतबार परराष्ट्र मन्त्रालयमा भेट गर्दै मन्त्री डा.राणा र परराष्ट्र मन्त्रालयले विपिनको रिहाइका लागि हालसम्म गरेको प्रयत्नका लागि आभार व्यक्त गर्दै यसलाई आगामी दिनमा थप सक्रियताका साथ निरन्तरता दिन आग्रह गरे।

मन्त्री डा.राणाको पहल एवं नेपालस्थित इजरायली राजदूतावासको समन्वय तथा सहयोगमा विपिनकी आमा र बहिनी विपिनको अवस्था बुझ्न तथा उनको रिहाइका लागि अपिल गर्न हालै इजरायल गएका थिए। इजरायलबाट फर्केपछि आइतबार उनीहरुले मन्त्री डा. राणालाई भेटेर यसबारेमा जानकारी गराएका हुन्।

दुवै जनाले आफूहरु इजरायलमा रहँदा त्यहाँस्थित नेपाली राजदूत प्रा.डा.धनप्रसाद पण्डित र इजरायल सरकारका अधिकारीहरुले सहयोग गरेको तथा त्यहाँ राष्ट्रपतिदेखि उच्चसरकारी अधिकारीहरुसँग भेटेर विपिनको रिहाइका लागि अपिल गर्न पाएको जानकारी दिए।

त्यस अवसरमा मन्त्री डा.राणाले सरकारले विपिनको रिहाइमा सक्दो कूटनीतिक प्रयत्न गरिरहेको र आगामी दिनमा यसलाई थप सशक्त बनाउने बताइन्। मन्त्री डा.राणाले उनीहरुसँग भनिन्, 'यो एक वर्षमा म उपस्थित भएका संयुक्त राष्ट्रसंघीय महासभादेखि अन्तर्राष्ट्रिय मञ्चहरु, विभिन्न द्विपक्षीय तथा अन्तर्राष्ट्रिय बैठक तथा भेटवार्ताहरुमा विपिनको रिहाइको आग्रह गरिरहेकै छु। हामीले कूटनीतिक माध्यमबाट गर्न सक्ने र मिल्नेजति पत्राचार एवं अन्य आवश्यक पहल जारी राखेका छौं।' आफूले इजरायल, इजिप्ट, इरान, कतार, संयुक्त अरब इमिरेट्स, टर्कीदेखि लिएर अन्य देशका विदेशमन्त्री एवं अधिकारीसँगको भेट एवं फोनवार्ताका साथै संयुक्त राष्ट्रसंघदेखि अन्य अन्तर्राष्ट्रिय फोरममा पनि विपिन रिहाइको मुद्दालाई सशक्त रूपमा राख्दै आएको मन्त्री डा. राणाले जानकारी दिइन्।

# सडकमा उखु किसान



**काठमाडौं/मस–**आर्थिक वर्ष २०८१/८२ को उखुको भुक्तानी रकम माग गर्दै किसान आन्दोलनमा उत्रेका छन्। किसानले आइतबार उखुको भुक्तानीको माग राख्दै काठमाडौंको गौशालादेखि माइतीघरसम्म प्रदर्शन गरेका हुन्। किसानले सरकारले तोकेको प्रतिक्वीन्टल ७० रुपैयाँका दरले अनुदान भुक्तानी गर्नुपर्ने माग राखेका छन्। यस्तै उनीहरुले उखुको मूल्य प्रतिक्वीन्टल एक हजार रुपैयाँ पुऱ्याउनुपर्ने माग अगाडि सारेका छन्।

प्रदर्शनमा किसानले 'उखु किसानको अनुदान कटौती गर्न पाइँदैन', 'उखु कृषक शोषण बन्द गर', 'किसानसँग भएका सम्झौता लागू गर' लगायत माग लेखिएको प्लेकार्ड बोकेका थिए। नेपाल उखु उत्पादक महासंघको नेतृत्वमा किसाहरु सडक आन्दोलनमा होमिएका हुन्।

सरकारले किसानलाई दिँदै आएको अनुदान रकम प्रतिक्विन्टल ७० रुपैयाँबाट घटाएर ३५ रुपैयाँमा झार्ने निर्णय गरेको छ। उक्त निर्णयको विरोधमा किसानले काठमाडौं केन्द्रित आन्दोलन थालेका हुन्।

# 'सिकाइ सुधारका लागि सिर्जनात्मक विधि आवश्यक'



**काठमाडौं/मस–** हिमालयन ह्वाइट हाउस इन्टरनेशनल कलेज, काठमाडौंका प्रिन्सिपल तथा वालिङ, ११ छतिवनका तोयानारायण पौडेलले सामुदायिक विद्यालय सुधारको विषयमा प्रस्तुती गरेका छन्।

वालिङमा विद्यालय शिक्षा सवलीकरण सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्दै पौडेलले सामुदायिक विद्यालय सुधारको विषयमा विशेष प्रस्तुती दिएका हुन्। पौडेलको प्रस्तुती नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिकाका सदस्य, विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका प्रतिनिधि सहभागी बीचमा भएको थियो।

शिक्षाको गुणस्तरमा वृद्धि, विद्यार्थीको उपलब्धी अनुगमनका निम्ति नयाँ विधि, सिमान्तकृत समुदायका विद्यार्थीलाई अध्ययनमा सहयोग, शिक्षकको प्रस्तुतीमा सुधार लगायतका उद्देश्य राखेर उनको प्रस्तुतीमा विषयवस्तु समावेश थिए।

सिकाइको लागि विद्यालयको भौतिक वातावरणमा सुधार गर्नुपर्ने उनको धारणा छ। त्यसका विद्यालयमा लागि बहुआयामिक सूचना तथा सञ्चार कक्षा, विज्ञान प्रयोगशाला तथा पुस्तकालय, विद्यार्थीमैत्री फर्निचर, उचित प्रकारको पर्खाल हुनुपर्ने उनको धारणा छ। त्यस्तै, विद्यार्थीको उमेरअनुसारको पाठ्यक्रम, सिकाईमा पोस्टर, खेल र खेल सामग्री हुनुपर्ने उनले प्रस्तुतीका क्रममा बताए। सिर्जनात्मक शिक्षण विधि, डिजिटल सामग्रीको प्रयोग र कक्षाकोठा व्यवस्थापनको दृष्टिकोणबाट शिक्षक लक्षित तालिम विस्तार गर्नुपर्ने, साथै, कृषि, प्रविधि र व्यावसायिक तथा व्यवहारिक शिक्षामा सिकाइमार्फत प्रवर्धन गर्नुपर्ने पौडेलको प्रस्तुतीमा समावेश थियो। वास्तविक समाजलाई बुझ्नेगरी र समुदायसँग प्रत्यक्ष जोडेर सिकाइ गराउनुपर्नेमा उनले जोड दिएका थिए। सिकाइको सुधारका लागि समुदायको सहभागितमा पनि पौडेलले जोड दिएका छन्। विद्यालय सञ्चालनको अनुगमन, स्थानीय आवश्यकताअनुसारको पाठ्यक्रम निर्माणमा सुझाव र जनशक्ति तथा स्रोत साधनको व्यवस्थापनमा समुदायले विशेष सहयोग गर्नुपर्ने उनको धारणा छ।

शिक्षामा सुधारका लागि साना बालबालिकालाई अंक र खेलको माध्यमबाट, ५ देखि ९ वर्षसम्मका लागि प्रत्यक्ष खोज, कला, कम्प्युटर, योगा, संगीत लगायतका विषय समावेश गरेर अध्यापन गराउनुपर्ने उनले बताए।

त्यस्तै, ४ कक्षादेखि ८ कक्षासम्म अध्ययन गर्ने विद्यार्थीलाई आधारभूत दक्ष बन्ने अवधारणा, कला, वातावरण र मौलिक अध्ययन थप गर्न जरुरी रहेको उनको भनाइ छ। ९ देखि १२ कक्षासम्मका विद्यार्थीलाई भने सरकारले तोकेको पाठ्यक्रम बाहेक अतिरिक्त पाठ्यक्रममा लगाउनुपर्ने पौडेलको जोड छ।

## १५ लाख...

विगतमा भूमि समस्या र सुकुम्वासी समस्या समाधान गर्न भनेर सरकारले नै गठन गरेका आयोगहरूमा जग्गा मागेर निवेदन दिनेको संख्या ८६ हजार ४ सय परिवार छ। दुवैलाई जोड्दा भूमिहीन सुकुम्वासी परिवारको संख्या २ लाख ५५ हजार २ सय ८८ हुन्छ।

पछिल्लो तथ्यांकमा भने जमिन मागेर आयोगमा निवेदन दिनेहरूमा अव्यवस्थित बसोबासी परिवारको संख्या ८ लाख ७५ हजार ४ सय १० छ। यो सबै जोड्दा १२ लाख ९ हजार ८ सय ४२ हुन आउँछ। जसलाई जमिन उपलब्ध गराउने सरकारको लक्ष्य रहेको छ।

वन तथा वातावरण मन्त्रालयका अनुसार अव्यवस्थित बसोबासीको नाममा सरकारसँग जमिन माग्नेको संख्या १५ लाख पुग्न सक्छ। मन्त्रालयका सचिव केदारनाथ शर्माले यस्तो जानकारी दिएका हुन्।

भूमि समस्या समाधान आयोगले ३५ दिने सूचना निकालेर निवेदन मागेको छ। सूचनाको समय सकिएपछि राज्यसँग जमिन माग्नेको यकिन तथ्यांक आउनेछ। 'राज्यसँग जमिन माग्नेको १५ लाख परिवार पुग्ने अनुमान गरिएको छ,' गत शुक्रबार कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको बैठकमा भने।

यो संख्याका परिवारले जमिन पाउन प्रस्तावित विधेयक ऐनमा रूपान्तरित हुनुपर्छ। प्रतिनिधि सभामा रहेको विधेयक सभामा फेरि छलफल हुन्छ। प्रतिनिधि सभाले पारित गरेपछि राष्ट्रिय सभामा जान्छ। राष्ट्रिय सभाले पनि पारित गरेपछि पुनः प्रतिनिधि सभामा आउँछ। राष्ट्रिय सभाले गरेको संशोधन प्रतिनिधि सभाले स्वीकार गरेको खण्डमा सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ। राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनमा रूपान्तरित हुन्छ।

विधेयक ऐनमा रूपान्तरित भएपछि नेपालमा लामो समयदेखि समस्याका रूपमा रहेका नागरिकले जमिन पाउने नेकपा एमालेका सांसद सूर्यप्रसाद ढकाल बताउँछन्।

उनी भन्छन्, 'नेपालमा लामो समयदेखि बसोबास गरिरहेका परिवारले समेत लालपुर्जा पाउन सकिरहेका छैनन्। भालुवाङलगायतका क्षेत्र जो साँच्चै समस्यामा छन् तिनले न्याय पाउनेछन्।'

## विरोधमा...

अनुसार सोमबारदेखि यही भदौ १५ गतेसम्म विरोध प्रदर्शन गरिनेछ। त्यसबेलासम्म सरकारले आफूहरूको आवाज सुन्ने उसको अपेक्षा छ।

जसपा नेपालका महासचिव राउतले पनि विज्ञप्ति नै निकालेर विरोध गर्नुपर्नाको कारण दिएका छन्।

'भूमि विधेयक जनताको हितमा नरहेको' भन्दै महासचिव राउतले जारी गरेको विज्ञप्तिमा 'भू-माफिया, जग्गा दलालको हित हुने र यसबाट वन जंगल विनाश भई तराई/मधेश मरुभूमीकरण हुने भएकाले आफूहरू विपक्षमा रहेको' उल्लेख छ।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले संसदीय समितिमै आफ्नो फरक मत राखेका थिए। सरकारले भूमि विधेयक जस्ताको तस्तै पास गरे अदालत जाने उनको चेतावनी छ।

आफूहरूको विरोध र चेतावनीका बीच सरकार अगाडि बढेपछि जसपा सडक संघर्षमै उत्रिएको हो। जसपा नेपालले सरकारले भूमि अध्यादेश ल्याएदेखि नै विरोध गर्दै आएको छ।

## अनुसन्धानमा...

नै भएकाले उहाँमाथि आवश्यक अनुसन्धान अघि बढेको हो।' उपसभामुख राना जोडिएको बालबालिकाको अवैध ओसारपसारको विषयमा सार्वजनिक सञ्चारमाध्यमहरूले छिटपुट लेखे पनि प्रहरीमा पुग्ने अवस्था आएको थिएन। सरकारले हटाउन लागेपछि राना जोडिएको घटना प्रहरीको अनुसन्धानसम्म पुगेको हो। सरकारले उनलाई हटाउन संसदमा दुई तिहाइ बहुमतको कसरत गरिरहेको छ। संवैधानिक परिषदमा सरकार पक्षको प्रस्ट बहुमत नभएपछि उनीमाथि हटाउन खोजिएको रास्वपाको आरोप छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का प्रमुख सचेतक सन्तोष परियारले सत्तारूढ दलहरूले उपसभामुख पदको अवमूल्यन गर्दै बालुवाटार र बुढानीलकण्ठको बैठकबाट बारम्बार आक्रमण भइरहेको भन्दै आपत्ति जनाए।

२०७२ माघ १८ गते बालगृहका एक कर्मचारीले बालकल्याण समितिमा दिएको बयानमा पिए नेपालसँग सम्बन्धित व्यक्तिहरूले ती बालबालिकालाई जबर्जस्ती लिएर गएको बयान दिएका थिए। त्यतिबेला सरकारले उच्च अदालतका न्यायाधीशको अध्यक्षतामा गठन भएको जाँचबुझ आयोगले पिए नेपाल र त्यसकी कार्यकारी निर्देशक रानाको संलग्नता पुष्टि गर्दै प्रतिवेदन पेस गरेको थियो।

## साना...

गरिएको जसपा नेपालकी नेता सुशीला श्रेष्ठले जानकारी दिइन्।

'वर्तमान सरकारमा जानेबेलै दुई जना नेतालाई मन्त्री पठाउने र एक वर्षपछि उनीहरूलाई फिर्ता बोलाएर अर्को दुई जना पठाउने निर्णय भएको थियो,' उनले मध्यान्हसँग भनिन्, 'अहिले पार्टीले पहिलाकै निर्णयलाई कार्यान्वयन मात्रै गरेका हो।' प्रधानमन्त्रीलाई आफ्ना दलका मन्त्री परिवर्तन गर्ने निर्णयबारे पत्र पठाइसकेको श्रेष्ठले बताइन्।

ओली नेतृत्वको मन्त्रिपरिषदमा जसपाबाट खानेपानीमन्त्रीमा प्रदीप यादव र महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीमा नवलकिशोर साह सुडी छन्। सो दलले यादवलाई फिर्ता बोलाएर खानेपानीमन्त्रीमा डा. वीरेन्द्र महतो र नवलकिशोर साहले नेतृत्व गरेको महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा रञ्जु झालाई पठाउने निर्णय गरेको बताएको छ। 'प्रधानमन्त्रीलाई पत्र पठाइसकेकाले मन्त्री परिवर्तको विषय उहाँको हो, सायद चाँडै गर्नुहुन्छ होला,' नेता श्रेष्ठले भनिन्। जसपाले यसअघि बसेको बैठकबाट निर्णय गरी पुराना मन्त्री फिर्ता बोलाएर नयाँ मन्त्री पठाउने निर्णय गरेको थियो।

त्यस्तै, लोसपाबाट श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रीमा शरतसिंह भण्डारीलाई फिर्ता गर्न लोसपाले गत साउन ५ गते नै प्रधानमन्त्री ओलीलाई पत्र बुझाएको वरिष्ठ सहअध्यक्ष शर्वेन्द्रनाथ शुक्लाले जानकारी दिए। 'हाम्रो पार्टीका अध्यक्ष महन्थ ठाकुरले साउन ५ गते नै प्रधानमन्त्रीलाई हाम्रो पार्टीका मन्त्री परिवर्तन गर्ने पत्र बुझाउनुभएको हो,' शुक्लाले भने, 'प्रधानमन्त्रीज्यूले अरू केही मन्त्री पनि परिवर्तन गर्नुपर्नेछ। सँगै गर्छु भन्नुभएको छ। पार्टीले पत्र फिर्ता बोलाउने निर्णय गरिसकेपछि प्रधानमन्त्रीले त्यसलाई चाँडै गर्नुपर्नेहुन्छ।'

जसपा र लोसपाका नेताहरूका अनुसार यही हप्ताभित्र मन्त्री पुराना मन्त्री फिर्ता भएर नयाँले नियुक्ति पाउनेछन्। सरकारमा सहभागी साना दलहरूले सासदलाई मन्त्रीको भाग पुऱ्याउन मन्त्री फिर्ता गर्ने तयारी गरे पनि सत्ताका प्रमुख दुई दलले कामै नलाग्ने मन्त्रीहरूलाई समेत फिर्ता बोलाउने तरखर गरेको छैन। सरकारको नेतृत्व गरेको नेकपा एमालेले सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताका घुस प्रकरणमा मुछिएपछि फिर्ता बोलाएर सांसद भगवती न्यौपानेलाई मन्त्री बनाएको थियो भने शिक्षमन्त्री विद्या भट्टराईले शिक्षा ऐन ल्याउने विषयमा पार्टी नेतृत्वसँगै कुरा नमिलेर राजीनामा दिएपछि रघुजी पन्तलाई सो मन्त्रालयको जिम्मेवारी दिएको छ। पूर्व सामान्य प्रशासनमन्त्री राजकुमार गुप्तासँगै घुस मागेको अडियो सार्वजनिक भएका सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीलाई भने संरक्षण गरिएको भन्दै चौतर्फी विरोध भइरहेको छ।

गत वर्षको कार्यसम्पादनमा सन्तोषजनक परिणाम नदिएका मन्त्रीहरू फिर्ता बोलाउने पक्षमा प्रधानमन्त्री ओली देखिएपछि कांग्रेसले तत्काल मन्त्रीहरू नफेर्ने भएपछि ओली आफैं पछि हट्न बाध्य भएको नेताहरूले बताएका छन्।


### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०९**

डडेल्धुरा जिल्ला परशुराम नगरपालिका-५ स्थित सिद्धनाथ सा.व.उ.स.अन्तर्गत महाकाली करिडोर सडकको वन क्षेत्रबाट आ.व. २०७८/०७९ मा संकलन भई प.न.पा.-५ परिगाउँस्थित घाटगद्दीमा राखिएको र जिल्ला वन पैदावार आपुर्ति समितिबाट फिर्ता भएको कुल १२५ गोलिया थानको परिमाण ६१६.७१ क्यूफिट साल जातको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्न पर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरीद गरी २२औं दिनमा दिउसो ठिक १२ बजेभित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। पुर्ण व्यहोराको सूचना सा.व.उ.स को सूचना पार्टीमा टाँस गरिएको छ।

### साउदी, कुवेत र युएईमा रोजगार

कम्पनी: JACR FOR PETROLEUM AND INDUSTRIAL SERVICES LLC शहर:: DAMMAM
पूर्व स्वीकृत मिति: २०८२/०१/२० चलानी नं.: ६०२३६८८८ L.T. No.: 323016 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver/Forklift Operator | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५५,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Load unload Worker | 2 | 0 | | 1000 | ३७,२५० | | | | | | | |

कम्पनी: AVIC INTERNATIONAL HOLDING CORPORATION FOR CONSTRUCTION AND REPAIR OF BRIDGES AND TUNELS CO. शहर:: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/११/१९ चलानी नं.: ६०२३३८९८ L.T. No.: 319762 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | labour outdoor | 34 | 0 | स. काममा दक्ष | 95 | ४३,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: EXPLORER FOR EMPLOYMENT SERVICES - LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/११/१५ चलानी नं.: ६०२३३६४४ LT. No.: 319538 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Brick Mason Assistant | 17 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३८,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 18 | 0 | | 1200 | ४५,६६० | | | | | | | |
| 3. | CARPENTER ASSISTANT | 1 | 0 | | 1000 | ३८,०५० | | | | | | | |
| 4. | STONE MASON | 8 | 0 | | 1200 | ४५,६६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १६ गते (1 September 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदी कुवेत रु. १०,००० युएई निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158 ISO 9001 : 2015

# संविधान घोषणाको दशकलाई विशेष रूपमा मनाइने



**काठमाडौं /मस–** नेपालको संविधान घोषणा भएको एक दशक पुगेको अवसरमा यस वर्ष भव्यताका साथ उत्सव मनाउन प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा आइतबार संविधान दिवस तथा राष्ट्रिय दिवस, २०८२ मूल समारोह समिति गठन भएको छ ।

नेपाली जनताको बलिदानीपूर्ण र लामो संघर्षको उपलब्धिस्वरुप जनताबाट निर्वाचित संविधानसभाबाट २०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थासहितको संविधान जारी भएको दिनलाई राष्ट्रिय दिवस मानिन्छ । यस वर्ष संविधान जारी भएको १० वर्ष पुगेकाले दिवसलाई थप हर्षोल्लासपूर्ण र भव्य बनाउन नेपाल सरकारले तयारी गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आइतबार बसेको बैठकले आगामी असोज २, ३ र ४ गते नेपालभित्र र विदेशस्थित नेपाली दूतावास तथा नियोग र जनस्तरमा समेत दीपावलीलगायत विभिन्न कार्यक्रम गरी दिवस मनाउन मूल समारोह समिति गठन गरिएको हो ।

मूल समारोह समितिमा उपप्रधानमन्त्रीहरू, मन्त्री र राज्यमन्त्रीहरू, नेपाल सरकारका मुख्यसचिव, नेपाली सेनाका प्रधानसेनापति, नेपाल सरकारका सचिव तथा विशिष्ट श्रेणीका राजपत्रांकित अधिकृतहरू, काठमाडौं उपत्यकाका स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरू सदस्य र गृह मन्त्रालयका सचिव सदस्यसचिव रहनेछन् । बैठकले विषयगत उपसमिति पनि गठन गरेको छ ।

दिवसका अवसरमा असोज ३ गते काठमाडौंको सैनिक मञ्च, टुँडिखेलमा आमनागरिकको उपस्थितिमा मूल समारोह हुने छ भने प्रदेश र स्थानीय तहमा विभिन्न कार्यक्रम प्रस्ताव गरिएका छन् ।

यसैगरी, दिवसका अवसरमा राष्ट्रिय गान र राष्ट्रभक्तिको सांगीतिक महोत्वस (नेसनल डे कन्सर्ट) आयोजना, झाँकी प्रदर्शनीलगायत कार्यक्रम प्रस्ताव गरिएको छ । दिवसका अवसरमा वर्तमान संविधान निर्माणको ऐतिहासिक पृष्ठभूमि, संविधानको महत्त्व, संविधानमा अन्तरनिहित पक्षमा केन्द्रित विशेष संवाद, परिसंवाद तथा सन्देशमूलक नाटकजस्ता सृजनात्मक र रचनात्मक कार्यक्रम निर्माण तथा सञ्चालन गरी रेडियो नेपाल, नेपाल टेलिभिजन, सामुदायिक वा निजी क्षेत्रसमेतका विद्युतीय तथा छापा माध्यम एवं सामाजिक सञ्जालमा प्रसारण र प्रकाशनको व्यवस्था मिलाउने प्रस्ताव गरिएको छ ।

बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले संविधान घोषणाको १० वर्ष पुगेको अवसरलाई राष्ट्रिय र जनस्तरमा विशेष रूपमा मनाउन आग्रह गरे । उनले संविधानसँग विकास, राष्ट्रियता, आधुनिकता, मौलिक हक, महिला सशक्तीकरण, समावेशिताका चरित्र, लोककल्णयकारी राज्य, संस्कृति आदि पक्षसँग जोड्नुपर्ने बताए । प्रधानमन्त्री ओलीले वडा र विद्यालय तहसम्म कार्यक्रम आयोजना गर्ने र अधिक रूपमा जनतालाई संविधानको उपलब्धि र महत्त्वसँग एकाकार गराउन आग्रह गरे ।

# क्याम्ब्रिज इन्टरनेसनलको नतिजा : नेपाली विद्यार्थीको उपलब्धि सराहनीय

**काठमाडौं /मस–** क्याम्ब्रिज इन्टरनेशनल एजुकेशनले जुन २०२५ को परीक्षा नतिजा सार्वजनिक गरेको छ । यस वर्ष ६ लाख ८० हजारभन्दा बढी विद्यार्थीले नतिजा प्राप्त गरेका छन्, जुन गत वर्षको तुलनामा ९ प्रतिशतले वृद्धि भएको हो ।

नेपालमा समेत २२ विद्यालयका ४ हजारभन्दा बढी विद्यार्थीले क्याम्ब्रिज आइजिसीएसइ, ओ लेभल, इन्टरनेशनल एस र ए लेभल परीक्षा दिएका थिए । विशेषगरी इन्टरनेशनल र ए लेभलमा प्रवेश गत वर्षको तुलनामा ४ प्रतिशतले बढेको क्याम्ब्रिजले जनाएको छ । नेपाली विद्यार्थीहरूले यसपटक गणित, भौतिकशास्त्र, इंलिस जेनरल पेपर, रसायनशास्त्र र कम्प्युटर विज्ञान विषयमा बढी सहभागिता जनाएका छन् । क्याम्ब्रिजका दक्षिण एशियाका वरिष्ठ उपाध्यक्ष विनय शर्माले नेपालका विद्यार्थीहरूको उपलब्धि सराहनीय रहेको बताए । उनले भने, 'विद्यार्थीहरूको मेहनत र उपलब्धि मनाउन पाउँदा हामी उत्साहित छौं । अभिभावकहरूले अन्तर्राष्ट्रिय शिक्षालाई दिन प्रतिदिन महत्व दिइरहनु उत्साहजनक छ ।'

त्यसैगरी क्याम्ब्रिज दक्षिण एशियाका वरिष्ठ प्रबन्धक सत्यजीत सरकारले विद्यार्थीहरूको निरन्तर सफलताले उनीहरूको समर्पण, कडा मेहनत र विद्यालय–परिवारको सहयोग झल्काएको बताए । पछिल्ला पाँच वर्षमा नेपालमा क्याम्ब्रिज परीक्षा दिने विद्यालयको संख्या ३८ प्रतिशतले बढेको छ भने विद्यार्थी प्रवेश ७४ प्रतिशतले वृद्धि भएको छ । जुन २०२५ मा मात्रै १४९ देशका ५,५०७ विद्यालयले परीक्षा प्रवेश दर्ता गरेका थिए । १६० वर्षभन्दा बढीको अनुभव भएको क्याम्ब्रिज इन्टरनेशनलले हरेक वर्ष करिब २० लाख विद्यार्थीलाई सेवा पुर्‍याउँदै आएको छ ।

# प्रमुख प्रशासकीय अधिकृत राईले कर्मचारी आचारसंहिता विपरीत गतिविधि गरेको आरोप

**नविन श्रेष्ठ /मध्यान्ह**
सिन्धुली, ८ भदौ



सिन्धुलीको हरिहरपुरगढी गाउँपालिकाका अध्यक्ष बज्रध्वज वाईवाले गाउँपालिकामा सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत अजम्बर राईले कर्मचारी आचारसंहिता विपरीत गतिविधि गरेको आरोप लगाएका छन् । आइतबार पत्रकारसँग कुरा गर्दै अध्यक्ष वाईवाले प्रमुख प्रशासकीय अधिकृत राईले राजनीतिक स्वार्थ र निश्चित गुठबन्दीमा परिचालित भइ गाउँपालिकाको बदनाम गर्ने गतिविधि गरेको दाबी गरे ।

'उहाँले गाउँ कार्यपालिकाको बैठक अघि नै अनधिकृत रूपमा हाजिर गरेर बाहिरिनुभएको छ, मिडियामा भ्रामक सूचना दिनुभएको छ । यस्तो अमर्यादित र जवाफदेही विपरितका कर्मचारीलाई हामी स्वीकार्दैनौं,' अध्यक्ष वाईवाले पत्रकार सम्मेलनमा भने ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भदौ २ गते राईलाई प्रमुख प्रशासकीय अधिकृतमा सिफारिस गरेको थियो । अध्यक्ष वाईवाले बैठकपछि जानकारी दिने भने पनि राईले ५ गते नै गाउँपालिकामा आएर हाजिर गरेर विभिन्न सञ्चारमाध्यमलाई गलत सूचना दिएको आरोप लगाए ।

वडा नं. ३ की सदस्य शंखमाया भोलनकी आमाको निधनमा श्रद्धाञ्जली कार्यक्रममा रहेका बेला राईले हाजिर गरेर बाहिरिएको र त्यसपछि 'अध्यक्षले रजिस्टर लिएर भाग्यो'भन्ने भ्रामक समाचार फैलाएको वाईवाको आरोप छ ।

गाउँपालिकामा बिहान सवा १० बजेभित्र कर्मचारीले अनिवार्य हाजिर गर्नुपर्ने र सो समयपछि सुरक्षाकर्मीमार्फत सुरक्षित गर्ने व्यवस्था रहेको अध्यक्ष वाईवाले जानकारी दिए । 'स्थानीय सरकार सञ्चालन ऐन अनुसार प्रमुख प्रशासकीय अधिकृत गाउँ कार्यपालिकाको सदस्य-सचिव भएर निर्णय कार्यान्वयन गर्नुपर्ने हुन्छ । तर राई बैठकमै सहभागी नभएकोले जवाफदेही विपरित देखिनुभएको छ' वाईवाले भने ।

गाउँ कार्यपालिकाको बैठकले राईलाई अस्वीकार गर्ने निर्णय गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अर्को कर्मचारी पठाउन आग्रह गरेको अध्यक्ष वाईवाले स्पष्ट पारे ।


## सुरुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

### नदीजन्य पदार्थ संकलन तथा बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः–२०८२/०५/०९)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम यस नगरपालिकाको क्षेत्राधिकार भित्र रहेका निम्न नदि/खोलाहरुबाट चालु आ.व. २०८२/०८३ को लागि तोकिएको परिमाणमा ढुङ्गा, गिट्टि, बालुवा र ग्राभेल समेतको बिक्री कर उठाउन निम्न अनुसारको दररेट भन्दा कम नहुने गरी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले विधुतीय माध्यमद्वारा शिलवन्दी बोलपत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट सूचनामा उल्लेखित शर्तहरु र बोलपत्र दस्तावेजमा भएका प्रवाधानहरु बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक पोर्टल https://www.bolpatra.gov.np/egp/ मा गई रीत पुर्‍याई बोलपत्र फरम पेश गर्न सकिनेछ । विस्तृत सूचनाका लागि www.bolpatra.gov.np वा https://surungamun.gov.np/ हेर्न सकिनेछ ।

तपसिल

| ठे. नं. | ठेक्काको किसिम | उठाउन पाउने परिमाण (घन मिटरमा) | बिक्री मूल्य (दर रेट) | न्यूनतम ठेक्का अंक(वार्षिक) मु.अ.कर बाहेक | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| SRNG-SAPT/REV/03/082/083 | सुरुङ्गा नगरपालिका भित्र पर्ने बलान,चहका तथा शिशुवारी खोलाका बगरक्षेत्रबाट निस्कन सक्ने ढुङ्गा गिट्टी र वालुकाको बिक्री कर | ६७,५३५.५८ | २००/प्रति घन मिटर | १,३५,०७,११६/– | ३,०००/– |



## Gandaki Province Government
## Ministry of Physical Infrastructure Development and Transport Management
## Infrastructure Development Directorate
## Infrastructure Development Office
Kushma, Parbat

### Invitation for Sealed Quotations

Date of publication: 2082-05-09 BS (2025-08-25 AD)

Infrastructure Development Office, Parbat invites Sealed Quotations from eligible bidders for the procurement of *service mentioned below*. The Bid Document may be obtained from the office. All eligible bidders are requested to submit the Bid as per instructions within the mentioned period.

| S. N. | Description of Services | Contract ID | Total Estimated Amount | Bid Security Amount | Remarks |
|---|---|---|---|---|---|
| 1. | Hiring of a 4WD Pickup Vehicle | IDO/PAR/SQ/OS/02/2082-83 | NRs. 15,00,000 | NRs. 38,000.00 | Hard Copy Only |

Submission Deadline: 2025-09-09 AD (2082-05-24 BS) 12:00 PM
Bid Opening Date: 2025-09-09 AD (2082-05-24 BS) 1:00 PM
Bid Document Fee: NRs.1,000
***Information to deposit the cost of bidding document in Bank:***
Name of Bank: Nepal Bank Limited, Kushma
Office Code No. 3370142014
Rajaswa Shirshak No. 14229
Name of Office: Infrastructure Development Office, Parbat
Office Account No.: 27302000001001000001

For Office Chief



## QATAR मा रोजगार — Manforce Trading And Contracting W L L
पुनः विज्ञापन, पुर्व स्वीकृती मितिः २०८२/२/१३ चलानी नं. : ६०२३८५९२ LT No.: 324555

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Carpenter | 21 | 0 | काममा दक्ष | 1100 | ४२,२३०।- | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छ | | २ वर्ष |
| २. | Dry Cleaning Worker | 0 | 12 | | 1100 | ४२,२३०।- | | | | | | | |
| ३. | Electrician | 28 | 0 | | 1100 | ४२,२३०।- | | | | | | | |
| ४. | Head Business Devt & Marketing | 0 | 1 | | 2200 | ८४,४५५।- | | | | | | | |
| ५. | Labour | 0 | 1 | | 1100 | ४२,२३०।- | | | | | | | |
| ६. | Marketing Represnt | 0 | 1 | | 2200 | ८४,४५५।- | | | | | | | |
| ७. | Mason | 2 | 0 | | 1100 | ४२,२३०।- | | | | | | | |
| ८. | Painter | 38 | 0 | | 1100 | ४२,२३०।- | | | | | | | |
| ९. | Receptionist | 0 | 6 | | 1100 | ४२,२३०।- | | | | | | | |
| १०. | Skilled Building Worker | 14 | 0 | | 1100 | ४२,२३०।- | | | | | | | |

अन्तरवार्ता २०८२ भाद्र १६ गते (1 Sept., 2025) यस प्रा. लि. को कार्यालय बालकुमारी, ललितपुरमा हुनेछ ।

DIANA OVERSEAS डायना ओभरसिज प्रा. लि.
श्रम ईजाजत पत्र नं :४०८/०६०/०६१
बालकुमारी, ललितपुर, फोनः ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९



## Saudi मा रोजगार — Abdul Rahman Al-Otaishan & Sons Group Co. LLC
पूर्व स्वीकृती मितिः २०८२/५/८ चलानी नं. : ६०२४३६९० LT No. : 329881

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labouers | 10 | 0 | काममा दक्ष | 1000 | ३६,८८५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Load Unload Worker | 10 | 0 | | 1000 | ३६,८८५।- | | | | | | | |

अन्तरवार्ता २०८२ भाद्र १६ गते (1 Sept., 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
श्रम इजाजत नं.: ५५२/०६२/०६३
पो.ब.नं. २४७८०, थसिखेल–१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE



## UAE मा रोजगार — Farhan Ali Khan Plasters & Tiles. Cont
पूर्व स्वीकृती मितिः २०८२/१/१९ चलानी नं. ६०२३६८९२ LT.No. 322750

| सि. नं. | कामदारको पद | माग संख्या | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Labours | 5 | काममा दक्ष | 900 | ३३,९२८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| २. | Mason ( Brick /Plaster) | 4 | | 1200 | ४५,२४०।- | | | | | | | |
| ३. | Tile Layer | 5 | | 1200 | ४५,२४०।- | | | | | | | |

Rukn Al Nahda Concrete Carpenter Cont. पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८१/४/३२ चलानी नं. ६०२२३६८३ LT.No. 308985

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Archive Clerk | 1 | काममा दक्ष | 1200 | ४५,२४०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता २०८२ भाद्र १६ गते (1 Sept., 2025 ) यस प्रा. लि. कार्यालय बौद्ध, काठमाडौंमा हुनेछ ।

लाल धनुष ईन्टरनेशनल सर्भिस प्रा. लि.
महांकाल, बौद्ध, काठमाडौं, फोनः ०१-५२१००५६
श्रम ईजाजत नं.: ५७६/०६२/६३



## कुवेतमा रोजगार
१. कम्पनीः Al-Maged Al-Ahlea Co for general trading & Contracting शहरः KUWAIT
पूर्व स्वीकृत मितिः २०८२/०५/०८ चलानी नं.: ६०२४३७४१ LT. No.: 329904

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Shop Assistant | 85 | 0 | स. काममा दक्ष | 110 | ५०,२४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १६ गते (1 September 2025) मा हुनेछ ।

२. कम्पनीः AL-MAGED AL-AHLEA CO FOR GENERAL TRADING & CONTRACTING शहरः Kuwait
पूर्व स्वीकृत मितिः २०८१/०६/१५ चलानी नं.: ६०२२६१०४ LT. No.: 311596 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 36 | 0 | स. काममा दक्ष | 90 | ४१,१११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता डेल्से रेष्ट्रो एण्ड लन्च, मिलनचोक रूपन्देही, बुटवलमा २०८२ भदौ १२ गते (28 August 2025) मा हुनेछ ।
अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर, इटहरी-४, सुनसरीमा २०८२ भदौ १३ गते (29 August 2025) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १४ गते (30 August 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी १ रु. १०,००० कम्पनी २ रु. निशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SRK ओभरसिज नेपाल प्रा. लि. साबिकको नाम (SRK नेपाल प्रा. लि) Govt. Lic. No. 1156/073/074
सामाखुसी चोक टोखा १०, ज्ञान संसार स्कूलको अगाडी, फोनः ०१४९६३४०३,०१४९५७६८३, ९८०१८९४४३३, ९८१८६५८०९८



## युएईमा रोजगार
कम्पनी : NARESCO CONTRACTING OWNED BY ABDULLA ABDULKARIM ALARIF ONE PERSON COMPANY L.L.C शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८१/१०/०९ चलानी नं.: ६०२३१७३६ LT. No. : 317234 पुन विज्ञापन

